# प्राकृतिक विपद पिडीतहरुका लागी आर्थिक सहायता (राहत) वितरण निर्देशिका २०७५

१. प्रस्तावना :- ब्याँस गाउँपालिका अन्तरगत दैविय एवं प्राकृतिक प्रकोप, हावा हुरी बाढी पहिरो, आगजनी, चट्याङ, शर्फदंश, अनेकन कृषि उपजमा लाग्ने रोग, मानविय रुपमा मानव घातक (अहिले सम्म नसुनिएका र नजानिएका रोग) पशु चौपायाहरुमा लाग्ने खोरेत लगायतका अन्य कारणहरुबाट ब्याँस गाउँपालिका भित्र स्थायी रुपमा बसोवास गर्ने कृषिमा वा अन्य पेशामा आधारित रहेका कतिपय विपन्न परिवारलाई जिवन यापनमा कठिनाइ आईपरेकाले उनीहरुको पुर्नस्थापनाका लागि राहत स्वरुप गाउँपालिकाको तर्फ बाट आर्थिक सहयोग गर्ने भनि ब्याँस गाउँ कार्यपालिकाको मिति २०७५/०६/०२ मा बसेको बैठकवाट यो "_*प्राकृतिक विपद पिडीतहरुका लागी आर्थिक सहायता (राहत) वितरण निर्देशिका २०७५* " स्वीकृत गरी जारी गरिएको छ ।

२.उदेश्य:-

क) हावा हुरिवाट पिडित नागरिक र क्षतिको विवरण तयार गर्ने र स्थानीय तहमा सोको अभिलेख राख्ने

ख) गाउँकार्यपालिकाको निर्णय बमोजिम विपद पिडित परिवार लाई सहुलियत बाफत आर्थिक सहायता एवं सुविधा सहज रुपमा प्रदान गर्ने

ग) विपद पिडित परिवारलाई लक्षित गरेर विविध योजना तथा कार्यक्रम सञ्चालन गरी आर्थिक रुपमा सबल सक्षम बनाउन प्रयत्न गर्ने ।

३. आधार :- ब्याँस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकको प्राकृतिक विपदका कारण यस वर्ष धनजनको क्षति भएको वा भएमा पिडितले देहायका कागजात पेस गरेको आधारमा निजको आर्थीक अवस्था हेरि गाउँ कार्यपालिकाको निर्णय अनुसारको राहत उपलव्ध गर्ने अधिकतम र न्युनतम सिमा भित्र रहि आर्थिक सहायता प्रदान गर्ने ।

क) क्षति भएको सम्वन्धमा स्पष्ट विवरण वा मुल्य खुलेको प्रहरी प्रतिवेदन/मुचुल्का ।

ख) सम्बन्धीत वडा कार्यालयको सिफारिस

ग) पिडितको निवेदन

४. लक्षित बर्ग:-

ब्याँस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने यस आ. व. २०७५/०७६ का विपद पिडित परिवार यस निर्देशिका बमोजिम लक्षित बर्ग मानिने छन् ।

५. प्राकृतिक विपद पिडित ब्यक्ति वा परिवार को बर्गिकरण:

यस निर्देशिका बमोजिम आर्थिक सहायता प्रदान गर्न पिडित व्यक्ति वा परिवारको वर्गिकरण देहाय बमोजिम गरिएको छ ।

क) पुर्ण रुपमा पिडित:- लगाएको वालि पुर्ण रुपमा क्षति भएको वा बस्नका लागि घर नभएको तथा अन्य आम्दानी का श्रोत र रोजगारि नभएको

ख) मध्यम रुपमा पिडितः- खण्ड (क) को अवस्था आंशिक रुपमा विध्यमान रहको तथा आधा भन्दा कम नोक्शानी भएको वा वार्षीक ३ देखि ५ लाख सम्म आम्दानी हुने अन्य श्रोत भएको।

ग) कम पिडितः- एक तिहाई भन्दा कम नोक्शानी भएको वा वार्षीक ५ लाख भन्दा बढी आम्दानी हुने अन्य श्रोत भएको।

रातह वितरण को आधार

| | |
|---|---|
| घ) मानवीय क्षती भएमा तत्काल | ३०००० तीस हजार रुपया |
| ङ) चौपाया खच्चर घोडा क्षती भएमा | ५००० पाँच हजार |
| च) भौसी क्षती भएमा | ४००० चार हजार |
| छ) गाई गोरु क्षती भएमा | ३००० तीन हजार |
| ज) घर पूर्ण रुपमा क्षती भएमा | २५००० पच्चीस हजार |
| झ) घर आंशिक रुपमा क्षती भएमा | अवस्था हेरी |
| ञ) आगन क्षती भएमा | ५००० पाँच हजार |
| ट) जग्गा रोपनी क्षती भएमा | ४००० चारहजार |

ठ) आगजनी खडेरी अशिन, हुरी रोगकिरा, प्रकोप  भएमा -अवस्था हेरी खाद्यान्न को ब्यवस्था गरिने ।

ड) घाँसका लुट्टा (कुनेउ) आगजनी भै चौपायाको अधिकार हनन भएमा प्रति कुनेउ २००० का दरले

६. आर्थिक सहायता वा राहत : -

क) यस आर्थिक बर्ष २०७५/०७६ का लागि नियम ४ को आधारमा यसै निर्देशिकाको नियम ५ मा उल्लेखित भए बमोजिमका विपद पिडित वा निजका परिवार जनलाई प्रति घर परिवार न्युनतम रु. २०००।- देखि अधिकतम रु. ३००००।- सम्म आर्थिक सहायता उपलब्ध गराईने छ ।

७. निर्देशिकामा संशोधन वा खारेजी :- गाउँ सभा वा गाउँकार्यापालिकाले निर्णय गरी यो निर्देशिका संशोधन परिमार्जन वा खारेज गर्न सक्ने छ ।

८. सेवा सुविधा उपलब्ध नहुनेः - माथि विभिन्न दफाहरुमा उल्लेखित भए अनुसारको प्रकृया नपुऱ्याई आर्थिक सहायता माग गर्ने नागरिकलाई र आगामी दिनमा ब्याँस गाउँपालिकाको गाउँ सभा वा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम वा तोकेको माप दण्ड पुरा नगर्ने विपद पिडितलाई सेवा सुविधा उपलब्ध गराईने छैन ।

९. बचाउ :- यो निर्देशिका जारी गर्नु भन्दा पहिले गाउँ सभा वा गाउँकार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता प्राप्त गरेका विपद पिडितहरुले यसै निर्देशिका बमोजिम आर्थिक सहायता प्राप्त गरेको मानिने छ ।